# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

२०७७/०२/१९

छैटौं अधिवेशन

(सातौं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

१. **माननीय सदस्यहरू,**

यस सभाको छैटौं अधिवेशनको सातौं बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरू,**

प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस प्रदेशका माननीय प्रदेश प्रमुख पहिलो पटक यस सभामा उपस्थित हुनुभएको छ । माननीय प्रदेश प्रमुख लाई हार्दिक स्वागत अभिवादन गर्दछु ।

३. **माननीय सदस्यहरु,**

“प्रस्तुत विषयमा यस सुदूरपश्चिम प्रदेश सरकारले आगामी “आर्थिक बर्ष २०७७।०७८ को लागि तयार गरेको नीति तथा कार्यक्रम” माननीय प्रदेश प्रमुखज्यूबाट सम्वत् २०७७ जेष्ठ १९ गते सोमवार अपरान्ह ४:०० बजे प्रदेश सभामा प्रस्तुत हुने कार्यक्रम रहेकोले तद्अनुरुप सभाको बैठक व्यवस्थापन हुन अनुरोध गर्दछु” भनी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट च.नं.१८५२, मिति २०७७।०२।१६ गतेको पत्र प्राप्त भई सचिवालयमा दर्ता हुन आएको व्यहोरा जानकारी गराउँछु ।

***(जानकारी गराएपछि)***

४.**माननीय सदस्यहरू,**

अब, म माननीय मुख्यमन्त्री त्रिलोचन भट्टलाई प्रदेश सरकारको आ.व.२०७७।०७८ को नीति तथा कार्यक्रम प्रदेश प्रमुख माननीय सर्मीला कुमारी पन्तज्यू लाई उपलब्ध गराउनको लागि समय दिन्छु ।

***(उपलब्ध भएपछि)***

५. **माननीय सदस्यहरू,**

अब म प्रदेश प्रमुख माननीय सर्मीला कुमारी पन्तज्यूलाई प्रदेश सभा नियमावली, २०७४ को नियम ३५ बमोजिम प्रदेश सरकारको आ.व.२०७७।०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न आग्रह गर्दछु।

## माननीय सभामुखज्यू,

## माननीय सदस्यज्यूहरू,

**१.** विश्व मानव समुदाय कोभिड-१९ (कोरोना भाइरस) महामारीबाट आक्रान्त भइरहेको वर्तमान अवस्थामा सुदूरपश्चिम प्रदेश सभाको गरिमामय छैठौं अधिवेशनमा प्रदेश सरकारको आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु ।

२. मुलुकमा भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष लगायतका राजनीतिक आन्दोलनमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका खातिर आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति उच्च सम्मान सहित हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । साथै, राजनीतिक आन्दोलनका क्रममा हालसम्म बेपत्ता, घाइते र अपाङ्ग योद्धाहरू प्रति उच्च सम्मान र सहानुभूति प्रकट गर्दछु ।

३. कोभिड-१९ महामारीबाट सङ्क्रमित भई स्वदेश तथा विदेशमा जीवन गुमाउनु हुने नेपाली तथा अन्य मित्रराष्ट्रका नागरिकहरू प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु । उपचाररत सम्पूर्ण संक्रमित व्यक्तिहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै, कोभिड-१९ महामारीको संक्रमण, नियन्त्रण तथा न्यूनीकरणका लागि दिनरात, प्रत्यक्ष उपचार तथा समग्र व्यस्थापनमा खटिरहनु भएका सम्पूर्ण स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, एम्बुलेन्स चालक, व्यवस्थापकीय पक्षमा खटिरहनु भएका कर्मचारीहरू तथा कोरोना भाइरस विरुद्धको अभियानमा सहकार्य र सहयोग गर्नुहुने संघीय सरकारका मन्त्री, संघीय सांसद, प्रदेश सभा सदस्य, स्थानीय तहका जनप्रतिनिधि, निजी क्षेत्र, संघ संस्था, संचार जगत लगायत व्यापारी, बुद्धिजीवी तथा प्रदेशवासी आम जनसमुदायहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

४. हालै मात्र नेपाल सरकारबाट यस प्रदेश अन्तरगत दार्चुला जिल्लामा पर्ने लिम्पियाधुरा, लिपुलेक र कालापानी समेतको नेपाली भूभाग समेटेर नक्शा जारी भएकोमा प्रदेश सरकार र प्रदेशवासीको तर्फबाट नेपाल सरकारलाई हार्दिक धन्यवाद दिन चाहन्छु । हाम्रो देशको भूभागमा बाह्य अतिक्रमण समाप्त हुनुपर्छ र मातृभूमिको भौगोलिक अखण्डता सुदृढ रहनुपर्छ भन्ने हामी सबैको एउटै धारणा रहेको छ ।

५. नेपालको संविधान जारी भई संघीय शासन प्रणाली कार्यान्वयन भइरहेको सन्दर्भमा हाम्रो प्रदेश आर्थिक समृद्धि, सुशासन र विकासको मार्गमा अघि बढिरहेको छ । यस प्रदेशलाई आत्मनिर्भर बनाउन कृषि, जलस्रोत, पर्यटन, जडीबुटी र उद्योग लगायत समस्त क्षेत्रको विकास र विस्तारको प्रचुर सम्भावनालाई उचित व्यवस्थापन एवम् परिचालन गरी प्रदेशको समग्र विकास र समृद्धिका लागि हामी सबै दृढ संकल्पित छौं ।

सभामुख **महोदय,**

**अब, म आर्थिक वर्ष २०७६/७७ मा घोषित नीति तथा कार्यक्रम अन्तरगत भएका उपलब्धिहरूको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु ।**

६. प्रदेशमा आवश्यक नीति, ऐन, नियमावली, गठन आदेश, कार्यविधि, निर्देशिका, आचारसंहिता र मार्गदर्शन पारित भई लागू भइरहेका छन् । कतिपय विधेयकहरू प्रदेश सभामा विचाराधीन रहेका छन् ।

७. अन्तर प्रदेश समन्वय परिषद् र वित्त परिषद्मा संघीयता कार्यान्वयनका विषयमा प्रदेश र स्थानीय तह बीच नीतिगत सामन्जस्यता, कानून निर्माण, योजना तर्जुमा र विकास निर्माणका कार्यहरू सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तको आधारमा अघि बढिरहेका छन् ।

८. कोभिड-१९ महामारीको नियन्त्रण तथा रोकथामका लागि विभिन्न संयन्त्रहरूको निर्माण गरी प्रभावकारीरूपमा परिचालन गरिएको छ । हालसम्म यस प्रदेशमा कोरोना भाइरसबाट छब्बीस जना व्यक्तिहरू संक्रमित भएकोमा एकजनाले ज्यान गुमाउनु परेको र छ जना बिरामीहरू निको भई घर फर्किसकेका छन् भने बाँकी संक्रमित बिरामीहरू उपचारको क्रममा रहेका छन् । भारतबाट आई सीमानाकामा अलपत्र परेका नेपालीहरूलाई संघीय सरकार र स्थानीय तहसँग समन्वय गरी उद्धार तथा व्यवस्थापन गरिएको छ ।

९. प्रदेश सरकारले कोभिड-१९ महामारीको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोष निर्देशिका, २०७६ स्वीकृत गरी महामारी जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन गर्न कोष स्थापना गरेको छ । उक्त महामारीको रोकथाम, क्वारेन्टाइन व्यवस्थापन, स्वास्थ्य सामग्री खरीद र अस्पताल व्यवस्थापनको लागि जिल्ला समन्वय समिति, स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय र अस्पतालहरूलाई आवश्यक रकम उपलब्ध गराई समन्वय तथा सहकार्य गरिएको छ ।

१०. सेती प्रादेशिक अस्पताल धनगढीमा पचास शैय्याको कोरोना विशेष अस्पताल निर्माण गरी हस्तान्तरण गरिएको छ । यसैगरी महेन्द्रनगरको महाकाली अस्पतालमा पचास शैय्याको कोरोना विशेष अस्पतालको निर्माण कार्य सम्पन्न हुने चरणमा पुगेको छ ।

११. प्रदेश सरकारले कोरोना भाइरस लकडाउन राहत मापदण्ड, २०७६ स्वीकृत गरी स्थानीय तह मार्फत राहत वितरण गर्न अनुदान उपलब्ध गराइएको छ ।

१२. विकास निर्माणका कार्यहरू तीव्ररुपमा सञ्चालन गर्न र नागरिकहरूलाई गुणस्तरीय सेवा घरदैलोसम्म पुऱ्याउन आवश्यक पर्ने दक्ष जनशक्ति, संगठन संरचना, पद तथा दरबन्दी व्यवस्थापन गर्नका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य अन्तिम चरणमा पुगेको छ । प्रदेशमा समायोजन भई आएका कर्मचारीहरूको पदस्थापन सम्बन्धी कार्यहरू सम्पन्न भएका छन् ।

१३. प्रदेशलाई आवश्यक जनशक्ति व्यवस्थापनका लागि प्रदेश लोकसेवा आयोग गठन सम्बन्धी कार्य अन्तिम चरणमा पुगेको छ ।

१४. निजामती कर्मचारी आवासीय विद्यालय दिपायलमा सञ्चालनमा रहेको र यसको भौतिक पूर्वाधार निर्माणको कार्य शुरू भएको छ ।

१५. सुदूरपश्चिम प्रदेश राजधानी पूर्वाधार विकास समिति (गठन) आदेश, २०७६ बमोजिम राजधानी पूर्वाधार विकास परियोजनाको लागि जग्गा प्राप्ति लगायतका अन्य आवश्यक प्रक्रिया अगाडि बढाइएको छ । संघीय सरकारले आर्थिक वर्ष २०७७/७८ का लागि आवश्यक बजेट व्यवस्था गरेकोमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

१६. प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र निर्माणका लागि विषयगत मन्त्रालयबाट योजनाको खाका प्राप्त भई मस्यौदा तर्जुमा भइरहेको छ । साथै, यस प्रदेशमा लगानी आकर्षण गर्न तथा प्रदेशको समग्र विकासमा योगदान पुऱ्याउन वित्तीय क्षेत्रका विज्ञहरूको सहभागितामा सुदूरपश्चिम प्रदेश वित्तीय सम्मेलन, २०७६ सफलतापूर्वक आयोजना भएको छ ।

**सभामुख महोदय,**

१७. अपराध नियन्त्रण र शान्ति सुरक्षा कायम गर्न तराई जिल्लाका मुख्य शहरी क्षेत्रमा अटोमेशन गर्ने कार्य भइरहेको छ । साथै, प्रदेशका नौवटै जिल्ला कारागारको सुधार, लागू औषध नियन्त्रण र विद्युतीय अपराध नियन्त्रणको कार्य अगाडि बढाइएको छ ।

१८. सबै सुरक्षा निकायलाई आवश्यक पर्ने विपद् व्यवस्थापन सामग्री उपलब्ध गराइएको छ । विपद्को कारणले घाइते भएका विभिन्न जिल्लाका नागरिकको हवाई उद्धार गरी तत्काल उपचार गर्ने कार्य गरिएको छ ।

१९. बाजुरा, अछाम, कञ्चनपुरमा प्रहरी चौकी र कैलालीमा प्रदेश आपतकालिन कार्य सन्चालन केन्द्रको भवन निर्माणाधीन रहेको छ ।

**सभामुख महोदय,**

२०. **"मुख्यमन्त्री एकीकृत कृषि तथा पशु विकास कार्यक्रम"** अन्तरगत सबै स्थानीय तहमा नमूना कृषि गाउँ छनौट भई विभिन्न बाली, तरकारी, फलफूल र पशुपंक्षीको एकीकृत उत्पादन तथा व्यावसायीकरणको कार्य सञ्चालन भएको छ ।

२१. **"एक घर, एक तालिम प्राप्त व्यक्ति"** कार्यक्रम अन्तरगत दशहजार कृषकलाई व्यावसायिक तालिम प्रदान गरिएको छ ।

२२. रैथाने घरपालुवा पशुपन्छीको आनुवंशिक स्रोतको पहिचान र संरक्षणका लागि कैलाली र कञ्चनपुर जिल्लामा रैथाने कुखुरा फार्म स्थापना गरिएको छ ।

२३. दुग्ध उद्योगलाई प्रोत्साहित गर्ने उद्देश्यले डेरी पसल तथा चिस्यान केन्द्रहरूको सुधार कार्यक्रम सञ्चालन गरिएको छ ।

२४. पचास प्रतिशत अनुदानमा पाँचसय दश मेट्रिक टन गहुँको उन्नत बीउ वितरण गरी चारहजार दुईसय पचास हेक्टर जग्गामा भएको खेतीबाट करीब बाह्रहजार सातसय पचास मेट्रिक टन गहुँ उत्पादन भएको छ । यसैगरी पचास प्रतिशत अनुदानमा छसय मेट्रिक टन धानको उन्नत बीउ वितरण गरिएको छ ।

२५. तीनसय जना कृषकहरूलाई हाते ट्रयाक्टर सहितको आधुनिक कृषि यन्त्र वितरण गरिएको र थप छसय कृषकहरूलाई वितरण गर्ने प्रक्रियामा रहेको छ ।

२६. सरकारी-निजी साझेदारी अवधारणा अनुसार डोटी र डडेल्धुरा जिल्लामा भैसी स्रोत केन्द्र स्थापना भएको छ ।

२७. मुक्त कमैया, मुक्त कमलरी, मुक्त हलिया तथा सुकुम्बासीको पुनर्स्थापना गर्ने कार्यक्रम अन्तरगत दुईहजार सीमान्तकृत कृषकलाई कृषि तथा पशुपन्छी सम्बन्धी कार्यक्रम मार्फत सहयोग गरिएको छ ।

२८. साना सिंचाई सुविधा विस्तार, प्राङ्गारिक मलको प्रयोग वृद्धि र प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्न अनुदान प्रदान गरिएको छ । खेतीयोग्य जमीनमा व्यावसायिक कृषकहरूको पहुँच विस्तार गर्न बाली विविधिकरण कार्यक्रम सञ्चालन गरिएको छ ।

२९. कृषि उत्पादकत्व वृद्धिका लागि प्राङ्गारिक मल उत्पादन, बीउ बैङ्कको स्थापना तथा बीउ सम्बन्धी पूर्वाधार सुदृढीकरण, प्रविधियुक्त नमूना फार्म स्थापना र कृषि प्रदर्शनीका कार्यक्रमहरू सञ्चालन गरिएका छन् । साथै दक्ष युवाहरूलाई व्यावसायिक कृषि सञ्चालन गर्न सहुलियतपूर्ण ऋणको व्यवस्था गर्न बैंङ्कहरूसँग ऋण कार्यक्रमको स्वरुप अध्ययन तथा अन्य आवश्यक कानुनी प्रक्रिया शुरुवात गरिएको छ ।

३०. **"मुख्यमन्त्री एकीकृत बस्ती विकास कार्यक्रम"** अन्तरगत कैलाली, कञ्चनपुर र डोटी जिल्लामा सर्भेक्षणको कार्य शुरुवात गरिएको छ ।

**सभामुख महोदय,**

३१. चालू आर्थिक वर्षमा विद्यालय, क्याम्पस र छात्रावास गरी एकसय पैंसट्ठीवटा भवन निर्माणाधीन अवस्थामा रहेका छन् । कैलाली तथा डोटी बहुमुखी क्याम्पस र गोकुलेश्वर कृषि लगायतका क्याम्पसहरूको भौतिक पूर्वाधार निर्माण कार्य प्रक्रियाको शुरुवात भइसकेको छ ।

३२. दलित, द्वन्द्व पीडित, आदिवासी, जनजाति, सीमान्तीकृत, अतिविपन्न समुदायका जेहेन्दार विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने कार्य भइरहेको छ ।

३३. स्थानीय तहहरूमा आधारभूत स्वास्थ्य सेवाको पहुँच बढाउन प्रसुती केन्द्र, शहरी स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य इकाई भवनहरू निर्माण गर्ने प्रक्रिया शुरु गरिएको र सबै स्थानीय तहलाई आधारभूत स्वास्थ्य सेवा सुदृढीकरण गर्न अल्ट्रासाउन्ड उपकरण वितरण गरिएको छ ।

३४. सार्वजनिक स्वास्थ्य सेवा प्रवाह सहज र सुलभ बनाउन संघीय सरकारसँगको समन्वयमा प्रदेश अन्तरगतका सबै जिल्लाहरूमा स्वास्थ्य बीमा कार्यक्रम विस्तार गरिएको छ ।

३५. विकास र स्वरोजगारीलाई टेवा पुग्ने गरी **"मुख्यमन्त्री प्रदेश स्वयम्सेवक परिचालन कार्यक्रम"** सञ्चालन भइरहेको छ ।

**सभामुख महोदय,**

३६. नागरिकहरूको आवातजावतलाई सहज तुल्याई जीवनस्तरमा सुधार ल्याउन यस प्रदेशका नौवटै जिल्लाहरूमा एक-एकवटा प्रदेश गौरवका सडकहरू र समपूरक अनुदान अन्तरगत बाह्रवटा र प्रदेश अन्तरगत बाइसवटा सडकहरूको बहुबर्षीय ठेक्का भई कार्यान्वयनमा रहेका छन्। साथै, चारवटा सडक पुल र सातवटा झोलुङ्गे पुल निर्माण सम्पन्न भई सञ्चालनमा आएका छन् ।

३७. स्थानीय तहको केन्द्र जोड्ने, ग्रामीण सडक र अन्य सडकहरूको ट्र्याक, ग्रावेल, स्तरोन्नति र कालोपत्रे गर्ने कार्य गरिएको छ ।

३८. खानेपानी तथा सरसफाइका सत्रवटा योजनाहरू सम्पन्न भई तेत्तिससय जनसंख्या लाभान्वित भएका छन् भने सिंचाईका एकसय तेइसवटा योजना सम्पन्न भई एकसय हेक्टर जमीनमा सिंचाई सुविधा विस्तार भएको छ ।

३९. जनता आवास कार्यक्रम अन्तरगत तीनसय दुईवटा घरहरू निर्माण सम्पन्न भएका छन् भने चौहत्तरवटा सामुदायिक भवन निर्माणको चरणमा रहेका छन् ।

४०. जलविद्युत विकासतर्फ दुईवटा आयोजनाहरूको विस्तृत परियोजना अध्ययनको प्रक्रिया अगाडि बढाइएको छ । साथै, वैकल्पिक उर्जा विकास तर्फ तीनवटा आयोजनाको विस्तृत परियोजना अध्ययन सम्पन्न भएको छ ।

**सभामुख महोदय,**

४१. वनको संरक्षण, सम्बर्द्धन, बिरुवा उत्पादन, नदी तटबन्धन निर्माण, चुरे संरक्षण तथा नयाँ सीमसार क्षेत्रको व्यवस्थापन गरिनुका साथै जलाधार संरक्षण, गल्छी पहिरो तथा नदी नियन्त्रण कार्यहरू गरिएको छ ।

४२. सबै जिल्लाहरूमा जडीबुटीजन्य नौवटा नयाँ नर्सरी निर्माण गरिएको छ । प्रदेशका विभिन्न स्थानमा गैरकाष्ठमा आधारित जडीबुटी प्रशोधन उद्योगहरू स्थापनाको क्रममा रहेका छन् । साथै, संघीय सरकारको जडीबुटी कम्पनीसँग प्रदेशमा जडीबुटी कम्पनी स्थापना गर्न प्रारम्भिक सम्झौता भएको छ ।

४३. **"एक निर्वाचन क्षेत्र दुई नवीन उद्योग"** कार्यक्रम स्थापनाका लागि अनुदान सहित प्रक्रिया अगाडि बढेको र लघु उद्यम विकास कार्यक्रम आठवटा जिल्लामा सञ्चालन भइरहेको छ ।

**सभामुख महोदय,**

**अब म प्रदेश सरकारको आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।**

४४. आर्थिक वर्ष २०७७/७८ का लागि संघीय सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम र बजेटसँग तादात्म्य एवम् सन्तुलन कायम हुने गरी स्थानीय तहबाट प्राप्त सुझाव, प्रदेश सरकारको विगतका नीति तथा कार्यक्रमको अनुभव, प्रदेश सरकारको छोटो अभ्यास, व्यवहारिक ज्ञान र अनुभव समेतलाई ध्यानमा राखी आर्थिक वर्ष २०७७/७८ का लागि नीति तथा कार्यक्रमको तर्जुमा गरिएको छ ।

४५. नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता, समानुपातिक प्रतिनिधित्व, समतामूलक समाज, तीन खम्बे आर्थिक नीति, समाजवाद उन्मुख अर्थतन्त्र, सबै प्रकारका भेदभाव उन्मूलन, नागरिक स्वतन्त्रता, मानव अधिकारको रक्षा, मौलिक हकहरूको प्रत्याभूति लगायत कानूनी राज्यको मूल्य र मान्यतालाई स्थापित गर्ने नीति अख्तियार गरिनेछ ।

४६. हरित, प्रदुषणमुक्त र वन्यजन्तुको सुरक्षित करिडोर सहितको प्रदेश राजधानी स्थापनाका लागि आवश्यक पूर्वाधार निर्माण गर्न समग्र अध्ययन तथा सर्वेक्षण गरी गुरूयोजना सहित राजधानी पूर्वाधार निर्माणको कार्य प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

४७. लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र रहेको व्यास गाउँपालिकाको विकासलाई ध्यानमा राखी त्यस क्षेत्रका जनताको जीवनस्तर उकास्न विशेष कार्यक्रम ल्याइनेछ । अन्तर्राष्ट्रिय सीमाक्षेत्रमा

बसोबास गर्ने जनसमुदायका लागि सामाजिक सुरक्षा र विकासका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

४८. प्रदेश सरकारबाट स्थापित संस्थागत संरचनाको थप सुदृढीकरण गर्दै प्रदेश लोक सेवा आयोग, नीति तथा योजना आयोग लगायत बाँकी रहेका संरचनाको शीघ्र स्थापना गरिनेछ ।

४९. प्रदेश अनुसन्धान ब्युरो स्थापनाका लागि कानूनी र संरचनागत व्यवस्था गरिनेछ ।

५०. सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान स्थापनार्थ नीति तथा आवश्यक कानून तर्जुमा गरिनेछ ।

५१. कैलाली जिल्लाको धनगढीमा दुईहजार क्षमताको सभा भवन निर्माणको लागि जग्गा प्राप्ति र अन्य आवश्यक अध्ययनको काम शुरु गरिनेछ ।

५२. संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा केही स्थानीय तहको केन्द्रमा पन्ध्र शैय्याको अस्पताल निर्माण शुरूवात गरिनेछ । प्रसुती केन्द्र, शहरी स्वास्थ्य केन्द्र लगायतका स्वास्थ्य संस्था निर्माण गर्न स्थानीय तहलाई अनुदान उपलब्ध गराइनेछ ।

५३. गड्डाचौकी देखि कर्णाली चिसापानीसम्मको राजमार्ग स्तरोन्नतिका लागि संघीय सरकार तथा स्थानीय तहसँग समन्वय गरी कार्य आरम्भ गरिनेछ ।

५४. भौगोलिक विकटता, आवश्यकता, समावेशिता, समन्यायिकता र समानुपातिकताका आधारमा उपलब्ध वित्तीय स्रोतको न्यायोचित वितरण गर्ने नीति अवलम्बन गरिनेछ ।

५५. मानव विकास सुचकाङ्क र भौतिक पूर्वाधार विकासमा सबैभन्दा पछाडि परेको बाजुरा लगायतका दुर्गम क्षेत्रहरूको समग्र विकासमा विशेष जोड दिइनेछ ।

५६. नयाँ जन्मने बालिकाको सुनौलो भविष्य सुनिश्चित गर्न बालिका बिमाको नीतिगत व्यवस्था गरिनेछ ।

५७. प्राकृतिक विपद् र दुर्घटनाको जोखिम न्यूनीकरण गर्न प्रदेशका सम्पूर्ण घरधुरीलाई बिमाको दायरामा समेट्ने व्यवस्था गरिनेछ ।

५८. चालु खर्चमा मितव्ययिता कायम गरी पूँजीगत खर्च वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न खर्चको मापदण्ड बनाई लागू गरिनेछ ।

५९. सार्वजनिक खर्चलाई प्रभावकारी एवम् नतिजामुखी बनाउन सार्वजनिक खर्च प्रणालीमा संलग्न पदाधिकारी एवम् कर्मचारीहरूलाई जवाफदेही बनाउने गरी वित्तीय उत्तरदायित्व सम्बन्धी कानून तर्जुमा गरी लागू गरिनेछ ।

६०. प्रदेशमा वित्तीय पहुँच विस्तार गर्न संघीय सरकार र नियामक संस्थाहरूसँगको समन्वय र सहकार्यमा प्रदेशका आम नागरिकलाई आधुनिक वित्तीय प्रणालीसँग आवद्ध गरिनेछ।

६१. सरकारी निकायहरूबाट प्रदान गरिने अनुदानलाई मार्गदर्शन गर्ने गरी अनुदान सम्बन्धी एकीकृत नीति तथा कानून तर्जुमा गरिनेछ ।

६२. प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लेख भएका विषयहरूलाई वार्षिक बजेट तथा कार्यक्रमसँग आवद्ध गरी नीति नक्साङ्कनको कार्य थालनी गरिनेछ ।

६३. कोभिड-१९ महामारीको संक्रमण र यसको रोकथामको लागि गरिएको बन्दाबन्दीको कारण सुदूरपश्चिम प्रदेशको समग्र अर्थतन्त्रमा पर्न गएको प्रभाव र भविष्यमा पर्न सक्ने असरको क्षती

न्यूनीकरण एवम् अर्थतन्त्रको पुनःउत्थानमा सहयोग पुग्ने दिशामा प्रदेशको आर्थिक वर्ष २०७७/७८ को बजेट तथा कार्यक्रमहरू तय गरिनेछ । साथै, यस महामारीका कारण रोकिएका विकास निर्माणका आयोजनालाई आगामी वर्षमा निरन्तरता दिइनेछ ।

६४. कोभिड-१९ महामारीको संक्रमण र यसको प्रभावले स्वदेश तथा विदेशमा रोजगारी गुमाएका व्यक्तिहरूको रोजगारी अभिवृद्धि मार्फत आयआर्जन बढाई अर्थतन्त्रलाई गतिशील र चलायमान गराउने दिशातर्फ प्रदेश सरकारको बजेट तथा कार्यक्रमहरू केन्द्रित हुनेछन् ।

६५. स्वास्थ्य सेवा, खाद्य सुरक्षा र आपूर्तिको प्रभावकारी व्यवस्था गरी जनतालाई **"रोगबाट बचाऔं, भोकबाट जोगाऔं"** अभियान शुरु गरिनेछ ।

६६. प्रदेश, स्थानीय तह, सहकारी र निजीक्षेत्रको साझेदारीमा फोहोरमैला व्यवस्थापन र प्रशोधन कार्यलाई व्यवस्थित गरिनेछ ।

६७. सरकारले कृषि, उद्योग, उर्जा, जलश्रोत एवम् पर्यटनलाई दीगो विकास र समृद्धिका लागि उच्चतम उपयोग गर्ने उद्देश्यका साथ प्रमुख प्राथमिकतामा राखी नीति तथा कार्यक्रम तयार गर्न जोड दिनेछ ।

६८. मुख्यमन्त्री एकीकृत बस्ती विकास कार्यक्रमलाई निरन्तरता दिँदै बस्तीलाई आधुनिक बस्ती, गाउँ र शहर बजारलाई सुविधायुक्त आधुनिक शहरमा रुपान्तरण गर्न नौवटै जिल्लामा कार्यक्रम सञ्चालन गरिनेछ ।

६९. श्रम जनशक्तिलाई विकास निर्माणसँग जोड्दै आयोजनाहरू विकास गर्ने र अवस्था हेरी कामका लागि खाद्यान्न कार्यक्रम सञ्चालन गरिनेछ ।

७०. प्रदेशको विकास र स्वरोजगारीलाई टेवा पुग्ने गरी **"मुख्यमन्त्री प्रदेश स्वयम् सेवक परिचालन कार्यक्रम"** लाई निरन्तरता दिइनेछ ।

७१. छिमेकी तथा तेस्रो मुलुकबाट रोजगारी गुमाई स्वदेश फर्केका नागरिकहरूको ज्ञान, सीप र क्षमता प्रयोग गरी कृषि तथा गैर-कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने गरी कार्यक्रमहरू लक्षित हुनेछन् । यस्ता व्यक्ति तथा उद्यमीहरूलाई लक्षित गरी स्वरोजगार विकास कोष मार्फत सहुलियत दरमा बिना धितो कर्जा प्रदान गरिनेछ ।

७२. स्थानीय कच्चा पदार्थमा आधारित उत्पादनमूलक साना तथा मझौला उद्योग र प्रदेशमा सञ्चालन हुने अन्य साना तथा मझौला व्यवसायको उत्पादन अभिवृद्धि गरी अर्थतन्त्रमा योगदान पुऱ्याउन त्यस्ता उद्योगहरूले उत्पादन र सिर्जना गरेको रोजगारी सहितको परिणामको आधारमा उद्यमीहरूलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइनेछ। साथै, स्थानीयस्तरमा उत्पादन हुने वस्तुहरूको ब्रान्ड विकास, त्यस्ता वस्तुहरूको उत्पादनमा आवश्यक पूँजी र प्रविधिको सहज उपलब्धता सुनिश्चित गरिनेछ ।

७३. पूर्व तयारी र कार्यान्वयन सुनिश्चित भएका बढी भन्दा बढी नागरिकलाई प्रतिफल दिने आयोजना तथा कार्यक्रमलाई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरिनेछ ।

७४. जलश्रोतको बहुउद्देश्यीय उपयोग गर्ने गरी संघीय सरकारसँग समन्वय गरी सिंचाई, जलविद्युत, जल यातायात तथा मनोरन्जनकोरूपमा जलश्रोतको उपयोग हुने गरी प्रदेशमा लगानीको वातावरण तयार गरिनेछ ।

७५. उत्पादन प्रणालीलाई बढोत्तरी दिँदै उत्पादन र वितरण प्रणाली बीचको सन्तुलन एवम् तादात्म्य हुने गरी न्यायोचित वितरण प्रणाली स्थापना गर्दै लगिनेछ ।

७६. श्रमिकहरूको न्यायोचित हित र सामाजिक सुरक्षाको संरक्षण गर्ने नीति ल्याइनेछ । श्रमिकलाई शेयर लगानीमा सहभागी गराउन इच्छुक उद्योग र उद्यमीलाई प्रदेश सरकारले विशेष सहयोग गर्नेछ ।

७७. प्रदेशले सञ्चालन गर्ने विकासका क्रियाकलापहरूलाई राष्ट्रिय विकास एवम् दीगो विकासका लक्ष्यहरूसँग आवद्ध हुने गरी प्रदेशको आवधिक योजना तर्जुमा गरिनेछ ।

७८. नेपाल सरकार तथा स्थानीय तहहरूसँग समन्वय र सहकार्य गरी प्रदेशको आर्थिक, सामाजिक लगायतका क्षेत्रको सूचना तथा तथ्याङ्क व्यवस्थापन गर्नका लागि सूचना व्यवस्थापन प्रणालीको स्थापना तथा विकास गरिनेछ ।

७९. सन्तुलित विकासको अवधारणालाई मूर्त रुप दिन प्रदेश सरकारबाट कार्यान्वयन गरिने विकासका क्रियाकलापहरूलाई भौगोलिक, आर्थिक, सामाजिक तथा मानवीय दृष्टिले पछाडि परेका क्षेत्र, वर्ग तथा समुदायको उत्थानका लागि अगाडि बढाइनेछ ।

८०. प्रदेशमा लगानी अभिवृद्धि तथा विस्तार गर्न लगानीमैत्री वातावरण सिर्जना गरिनेछ ।

८१. आर्थिक वर्ष २०७७/७८ का समग्र कार्यक्रमहरू उत्पादन, उत्पादकत्व, रोजगारी एवम् आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने तर्फ परिलक्षित हुनेछन् ।

८२. सुशासन प्रवर्द्धन गर्दै भ्रष्टाचार नियन्त्रणको नीतिलाई कडाइका साथ लागू गरिनेछ । सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधिमा आवद्ध गराई छिटोछरितो बनाइनेछ । सेवाग्राहीले सहज तरिकाले गुनासो र उजुरी दिन सक्ने व्यवस्था मिलाइनेछ ।

८३. सरकारी कार्यालयका सम्पूर्ण आर्थिक कारोबार बैङ्किग प्रणाली मार्फत गर्ने व्यवस्था मिलाइनेछ ।

८४. गरीब, असहाय तथा पिछडिएका वर्गका पीडित नागरिकलाई निःशुल्क कानूनी परामर्श सेवा तथा सहयोगको व्यवस्था गरिनेछ ।

८५. **"एउटै सृष्टि समदृष्टि"** मूल नारा सहित महिला हिंसा, छाउपडी प्रथा, बोक्सी प्रथा, जातीय भेदभाव उन्मूलन गर्न सामाजिक रुपान्तरण अभियान सञ्चालन गरिनेछ ।

८६. जनआन्दोलन र जनयुद्धका शहिद, घाइते, बेपत्ता परिवार, असहाय, अशक्त, द्वन्द्व पीडित, वृद्धवृद्धा, सीमान्तीकृत, लोपोन्मुख जाति, जनजाति, दलित, एकल महिला, बेरोजगार तथा विपन्न वर्गलाई परिलक्षित गरी आगामी बजेटमा कार्यक्रम ल्याइनेछ ।

८७. जनशक्तिलाई सीपमूलक तालिम दिई स्वदेशमा नै रोजगारीमा लगाउने कार्यक्रम सञ्चालन गरिनेछ । साथै, अनौपचारिक श्रमलाई औपचारिकीकरण र श्रमिकहरूको पन्जीकरण गरिनेछ ।

८८. साना उत्पादकलाई सहकारी संस्थामा आवद्ध गराई अनुदान दिने व्यवस्था गरिनेछ । बेरोजगार युवाहरूलाई सहकारीमा संलग्न गराउंदै स्वरोजगार एवम् व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

८९. प्रदेशको प्राकृतिक भू-बनोट, विकासको स्तर, विकासका सम्भाव्यता, आवश्यकता र प्राथमिकताको आधारमा कार्यक्रमहरू समावेश गरिने छन् ।

९०. प्रदेशका विभिन्न विधामा विशिष्ट योगदान गर्नुहुने व्यक्तित्वलाई प्रादेशिक पदक र विभूषणबाट सम्मानित गरिनेछ ।

९१. प्रदेश सरकार अन्तरगतका निकायहरूबाट सञ्चालित आयोजना तथा कार्यक्रमको गुणस्तर, लागत, समय र उपलब्धि समेतका सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरिनेछ ।

**सभामुख महोदय,**

९२. नेपाल सरकारको संघीय भूमि व्यवस्थापन कानूनसँग तादात्म्य हुनेगरी प्रदेश सरकारको भू-उपयोग नीति र योजना तर्जुमा गरिनेछ ।

९३. आधुनिक प्रविधिको प्रयोग गरी प्रदेशभित्रको सम्पूर्ण भूमिको विद्युतीय अभिलेख सहितको प्रादेशिक भू-सूचना प्रणालीको विकास गर्न कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

९४. स्थानीय तहहरूको समन्वयमा प्रदेशभित्रका सम्पूर्ण सरकारी, सार्वजनिक र गुठी जग्गाको अभिलेख तयार गरी त्यस्ता जग्गाको संरक्षण र उपयोग गरिनेछ ।

९५. विश्वव्यापीरुपमा देखिएको कोरोना संक्रमणबाट प्रभावित युवा श्रमिकहरूलाई कृषि क्षेत्रको रोजगारीमा प्राथमिकता दिइनेछ ।

९६. साना तथा गरीब किसानहरूलाई कृषि ऋण उपलब्ध गराउने नीति लिइनेछ । साथै, सम्भाव्यता अध्ययन गरी तरकारी खेती र फलफूल विशेष पकेट क्षेत्र घोषणा गरी कार्यान्वयनमा ल्याइनेछ ।

९७. प्रदेशको खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न **"नमूना गाउँ आफैं बनाउँ"** कार्यक्रमलाई निरन्तरता दिई सहकारी तथा निजी क्षेत्रलाई कृषि उत्पादनतर्फ प्रोत्साहित गर्दै, जग्गाको चक्लाबन्दी, कृषि व्यावसायीकरण र आधुनिकीकरण मार्फत कृषि उत्पादकत्व वृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

९८. आगामी वर्षदेखि सबै खेतीयोग्य जमीनमा खेती गरिदै लगिनेछ । सार्वजनिक जमीनमाथिको अतिक्रमण रोकिनेछ ।

९९. जलवायु र भौगोलिक अवस्थिति अनुरुप अन्नबाली, फलफूल र नगदेबालीको विकास गरिनेछ ।

१००. कृषिको व्यावसायीकरणका लागि करार, समूह, पट्टा कृषि व्यवसाय प्रणाली र सहकारी खेतीको लागि एकीकृत भूमि व्यवस्थापन प्रणालीलाई प्रोत्साहित गरिनेछ ।

१०१. भूमिहीन र व्यावसायिक कृषकहरूलाई कृषि पेशामा सहयोग पुऱ्याउन भूमि बैङ्कको स्थापना गरिनेछ ।

१०२. कृषि यन्त्र-उपकरण, मल, बीउ, प्रविधि तथा प्रशोधन र भण्डारणमा अनुदान प्रदान गरिनेछ ।

१०३. प्राङ्गारिक मलको उत्पादन र प्रयोगमा जोड दिइनेछ । जैविक विषादीको प्रयोगलाई बढावा दिई रासायनिक विषादीको प्रयोगलाई प्रतिस्थापन गर्ने नीति लिइनेछ ।

१०४. कृषि क्षेत्रमा आधुनिक प्रविधि, औजार उपकरणहरूको विकास र उपयोग गरी कृषि पेशा व्यवसायलाई आधुनिकीकरण गर्न जोड दिइनेछ । कृषि क्षेत्रका परम्परागत विधि र प्रविधिहरूलाई वैज्ञानिकीकरण र आधुनिकीकरण गरिनेछ ।

१०५. कृषि क्षेत्रको विकास र विस्तारका लागि कृषक समूह र सहकारी निर्माण गरी स्थानीय ज्ञान, सीप र अनुभवको उपयोग गर्ने नीति लिइनेछ ।

१०६. संघीय र स्थानीय तहसँग आवश्यक समन्वय र सहकार्य गरी साना किसानहरूलाई बीउ, मल, सिंचाई, कृषि ऋणको ब्याज, विद्युत महशुल र भन्सार शुल्कमा अनुदान प्रदान गरिनेछ ।

१०७. कृषि उत्पादन र प्रतिफलको आधारमा अनुदान दिने प्रणालीको स्थापना गरी अनुदानलाई बैङ्क खातासँग आवद्ध गरिनेछ ।

१०८. कृषि, पशुपंक्षी तथा मत्स्य उत्पादनका लागि आवश्यक सामग्रीहरूको प्रदेश भित्रै उत्पादन, भण्डारण र बजारीकरणको लागि अनुदान प्रदान गरिनेछ ।

१०९. प्रत्येक स्थानीय तहमा बीउ स्रोत केन्द्र, चिस्यान केन्द्र र मूल्य श्रृंखलामा आधारित कृषि व्यवसायको विकास गर्दै रोजगारी सिर्जना गरिनेछ ।

११०. कृषि तथा पशुजन्य उत्पादनको उचित बजारीकरणको सुनिश्चित गर्न प्रदेशका विभिन्न स्थानहरूमा निर्माण, सञ्चालन र हस्तान्तरणको मोडलमा एकीकृत कृषि बजार विकास गरिनेछ । कृषि उद्यमको विकासका लागि कृषि उस्मायन केन्द्रको शुरुवात गरिनेछ ।

१११. प्रदेशभित्र पशुपालनलाई प्रोत्साहित गर्न गाई, भैंसी, बाख्रा, कुखुराको व्यावसायिक उत्पादनका लागि बजारीकरणमा आधारित अनुदान प्रदान गरिनेछ। प्राकृतिक तथा कृत्रिम जलाशयमा मत्स्यपालन गर्ने कार्यलाई प्रबर्द्धन गरिनेछ ।

११२. प्रदेशका उच्च हिमाली पाटनमा वृहत व्यावसायिक चौरी, भेडा र च्याङ्ग्रा पालन गर्न खुला प्राकृतिक फर्म स्थापना गरी यसबाट उत्पादित वस्तुहरू आन्तरिक र बाहिरी बजारसम्म पुऱ्याउने नीति लिइनेछ ।

११३. कृषि प्रसार सेवाको विस्तार गरी कृषि व्यवसायमा संलग्न व्यक्तिहरूलाई कृषि सम्बन्धी सूचना प्रवाह गरिनेछ । बाली अनुसन्धान केन्द्रहरू, कृषि विश्वविद्यालय तथा अध्ययन संस्थाहरूसँगको समन्वयमा कृषि प्रविधि विस्तार, अध्ययन र उत्पादन प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

११४. प्रदेशस्तरमा एम्बुलेटोरी क्लिनिक सहितको प्रादेशिक विज्ञ भेटेनरी परामर्श अस्पताल र बाली संरक्षण एम्बुलेन्स स्थापना गरी सञ्चालनमा ल्याइनेछ । पशुपन्छी खोप कार्यक्रम अभियानका रुपमा सञ्चालन गरिनेछ ।

११५. **"कृषकसँग कृषि विद्यार्थी"** कार्यक्रम सञ्चालन गरी कृषि अध्ययनसँगै आयआर्जन तथा कृषि प्रसारलाई थप टेवा दिइनेछ ।

११६. दलित, मुक्त हलिया, मुक्त कमैया, मुक्त कमलरी, एकल महिला, द्वन्द्वपीडित, सुकुम्वासी र विपन्न समुदायका लागि आयआर्जनका कार्यक्रमहरू सञ्चालन गरिनेछ । साथै, विगतमा मुक्त कमैया, हलिया पुनर्स्थापना कार्यमा छुट हुन गएका परिवारहरूको पहिचान गरी लगत संकलन गरिनेछ ।

११७. सामुदायिक वन तथा कबुलियती वन क्षेत्रमा सरोकारवालाहरूको समन्वय र सहकार्यमा कृषि वन कार्यक्रम सञ्चालन गरिनेछ ।

११८. कृषि र सहकारी सम्बन्धी तथ्याङ्क संकलन र अभिलेखीकरण गरिनेछ ।

११९. सहकारी क्षेत्रलाई विकासको प्रमुख साझेदारका रुपमा स्थापित गर्न संस्थाहरूको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । सहकारी संस्थाहरू मार्फत सीप विकासका तालिम सञ्चालन गरी समुदायको आयआर्जनमा टेवा पुर्याइनेछ । एकै कार्यक्षेत्र र समान प्रकृतिका कार्यमा संलग्न सहकारीको एकीकरण तथा व्यवसाय विस्तारलाई प्रोत्साहन गरिनेछ ।

**सभामुख महोदय,**

१२०. जनताको सर्वाङ्गीण विकास एवम् जनचेतनाको आधारस्तम्भको रूपमा रहेको स्वास्थ्य र शिक्षालाई विशेष प्राथमिकता दिइनेछ ।

१२१. जीवनोपयोगी र गुणस्तरीय शिक्षाको विकास, विस्तार र सम्बर्द्धन गरिनेछ। साथै, शिक्षालाई जीवन, समाज र उत्पादनसँग जोड्दै प्राविधिक, व्यावसायिक र पोलिटेक्निक शिक्षालाई विशेष जोड दिइनेछ ।

१२२. प्रदेश विश्वविद्यालय स्थापना गर्नका लागि सम्भाव्यता अध्ययन गरी आवश्यक प्रक्रिया शुरु गरिनेछ । यस विश्वविद्यालयमा कृषि सम्बन्धी अध्ययन र अनुसन्धानलाई विशेष स्थान दिइनेछ ।

१२३. दुर्गम क्षेत्रका बासिन्दा, दलित, महिला, जनजाती, शहिद परिवार, घाइते, अपाङ्ग, वेपत्ता परिवार, आर्थिकरूपले विपन्न वर्ग, लोपोन्मुख र सिमान्तीकृत समुदाय र अपाङ्गता भएका बालबालिकाहरूलाई शिक्षामा पहुँच सुनिश्चित गर्न छात्रवृत्ति सहितका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१२४. **"मेरो विशेषज्ञता मेरै प्रदेशका लागि"** भन्ने नाराका साथ पिछडिएको वर्गका जेहेन्दार विद्यार्थीहरूलाई चिकित्सा शिक्षा लगायत उच्च शिक्षा अध्ययन गर्न छात्रवृत्ति उपलब्ध गराइनेछ ।

१२५. विद्यालय बाहिर रहेका प्रदेशका सबै बालबालिकाहरूको लागि विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्न विद्यालय भर्ना कार्यक्रम लगायत विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१२६. संघीय र स्थानीय तहसँगको सहकार्यमा प्रदेशलाई पूर्ण साक्षर प्रदेश घोषणा गरिनेछ ।

१२७. शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्न ई-लाइब्रेरी, कम्प्युटर र आधुनिक शैक्षिक सामग्रीको व्यवस्था गरिनेछ ।

१२८. प्रारम्भिक बाल शिक्षादेखि कक्षा तीनसम्म मातृभाषाको स्थानीय पाठ्यक्रम निर्माण गरी अध्ययन अध्यापन गराउने प्रबन्ध मिलाइनेछ । अपाङ्गता भएका बालबालिकाका लागि शिक्षाको प्रबन्ध गरिनेछ ।

१२९. शिक्षण संस्थाहरूको भौतिक पूर्वाधार सुधारका कार्यलाई निरन्तरता दिँदै विपद् जोखिमबाट सुरक्षित, लैङ्गिक तथा अपाङ्गमैत्री बनाइनेछ ।

१३०. प्रादेशिक शिक्षा नीतिका साथै आवश्यक ऐन तर्जुमा गरिनेछ ।

१३१. प्रदेश मातहतमा रहने गरी जिल्लामा आवश्यकताका आधारमा सामाजिक विकास कार्यालय र तालिम केन्द्रहरू स्थापना गरिनेछ ।

१३२. नगरपालिकाका प्रत्येक वडा र गाउँपालिकाका केन्द्रमा सामुदायिक पुस्तकालय/वाचनालयहरू, ज्येष्ठ नागरिक विश्रामस्थल तथा आश्रमको निर्माण गरिनेछ ।

१३३. प्रदेशमा कला, साहित्य र संस्कृति विकासको लागि सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान स्थापना गरिनेछ ।

१३४. लोकबाजा, लोकधुन, लोककला, लोकगीत, लोकसंस्कृति, लोकसंगीत र लोकवार्ताको संरक्षण, सम्वर्द्धन र प्रबर्द्धनका लागि संस्थागत विकास, प्रचारप्रसार, प्रशिक्षण, प्रतियोगिता लगायतका पुस्तान्तरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै, लोक सांस्कृतिक सङ्ग्रहालय स्थापना गरिनेछ ।

१३५. कोभिड-१९ महामारीको संक्रमण बढ्दै गएको सन्दर्भमा आवश्यकता अनुसार संक्रमितहरूलाई अस्पतालमा छुट्टै राख्न थप शैय्याको व्यवस्था गरिनेछ ।

१३६. कोभिड-१९ को रोकथाम र उपचारका लागि धनगढी, महेन्द्रनगर र डडेल्धुरामा रहेका स्वास्थ्य संस्थाहरूको स्तरोन्नति गरिनेछ। बैतडी, डोटी र अछाम अस्पतालमा मोलिक्युलर सेटअप सहितको प्रयोगशाला स्थापना एवम् सञ्चालन गरिनेछ ।

१३७. कोभिड-१९ को रोकथामका निम्ति स्थानीय तहसँग समन्वय गरी प्रदेशभर आवश्यकता अनुसार अलग्गै (क्वारेन्टिन) राख्ने व्यवस्था गरिनेछ ।

१३८. असुरक्षित मातृत्व, उच्च मातृ, बाल तथा शिशु मृत्युदर र विभिन्न रोगहरूको रोकथाम र उपचार गर्न सेवा विस्तार गर्ने नीति अवलम्वन गरिनेछ ।

१३९. सार्वजनिक, सामुदायिक, सहकारी तथा निजी क्षेत्रको सहकार्य र समन्वयमा एकीकृत स्वास्थ्य शिक्षा र स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।

१४०. **"स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रम"** मार्फत नौवटै जिल्लाका अस्पतालहरूको स्तरोन्नति गरी औषधि उपकरण, आधुनिक सुविधायुक्त प्रयोगशाला र दक्ष मानव संशाधनको व्यवस्था गरिनेछ ।

१४१. सिकलसेल एनिमिया र थालसेमिया रोगको निदान एवम् उपचारको कार्यलाई थप व्यवस्थित गरिनेछ ।

१४२. प्रदेशमा संघीय सरकारको सहयोग र सहकार्यमा सुविधा सम्पन्न ट्रमा सेन्टर, एक सय शैय्याको संक्रामक रोग नियन्त्रण अस्पताल र क्यान्सर अस्पताल स्थापना गरिनेछ ।

१४३. सेती र महाकाली प्रादेशिक अस्पताललाई विशिष्टीकृत सेवा दिने अस्पतालको रुपमा विकास गरिनेछ ।

१४४. सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान र प्रादेशिक आयुर्वेद चिकित्सालय स्थापना गरिनेछ। एलोप्याथिक, होमियोप्याथिक, अक्युपञ्चर, प्राकृतिक चिकित्सा तथा वैकल्पिक चिकित्सा प्रणालीहरूको संरक्षण, सम्बर्द्धन र विकास गरिनेछ ।

१४५. प्रादेशिक मापदण्ड तर्जुमा गरी सार्वजनिक स्वास्थ्य सेवा प्रवाह गर्ने संस्था र निजी क्षेत्रमा सञ्चालित अस्पताल, क्लिनिक, फार्मेसी, प्रयोगशाला लगायतका संस्थाहरूको नियमन तथा अनुगमन गरिनेछ ।

१४६. सीमा नाका र अन्य आवश्यक स्थानहरूमा उपकरणयुक्त स्वास्थ्य केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

१४७. **"मुख्यमन्त्री ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रम"** मार्फत आधारभूत स्वास्थ्य सेवामा ज्येष्ठ नागरिकहरूको पहुँच अभिवृद्धि गरिनेछ ।

१४८. जनआन्दोलन तथा सशस्त्र संघर्षका घाइतेहरूको निःशुल्क उपचारको व्यवस्था गरिनेछ ।

१४९. स्थानीय तहसँगको सहकार्यमा प्रत्येक स्थानीय तहमा न्यूनतम विद्यार्थी संख्या पुगेका विद्यालयहरूमा **"एक विद्यालय एक नर्स र एक योग गुरू कार्यक्रम"** क्रमशः सञ्चालन गरिनेछ ।

१५०. मातृ तथा बाल स्वास्थ्य प्रवर्द्धनका लागि ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई विस्तार गरिनेछ। साथै, मातृ तथा बाल सुरक्षाका लागि आकस्मिक प्रसुती सेवा र गम्भीर प्रकृतिका अति आवश्यकीय स्वास्थ्य सेवाका लागि हवाई एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ ।

१५१. स्वास्थ्य पर्यटनलाई प्रवर्द्धन हुनेगरी खप्तड, बडिमालिका, रामारोशन, मालिकार्जुन, ग्वाल्लेक र परशुरामधाममा योग तथा ध्यान केन्द्र निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।

१५२. स्वास्थ्य उपकरणहरू मर्मत सम्भार गर्न प्रदेशस्तर बायोमेडिकल इन्जीनियरिङ्ग प्रयोगशाला स्थापना र सञ्चालन गरिनेछ ।

१५३. प्रदेशभित्र सञ्चालित क्षयरोग अस्पतालसँगको साझेदारीमा क्षयरोग मुक्त प्रदेश बनाउने अभियान सञ्चालन गरिनेछ ।

१५४. पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर लगायतका अन्य नसर्ने रोगहरूको निदान गर्न अभियान सञ्चालन गरिनेछ ।

१५५. स्वास्थ्य सेवा र शिक्षामा विद्युतीय प्रणालीको उपयोग गरिनेछ ।

१५६. महाकाली आयुर्वेद औषधालय कञ्चनपुरमा प्रादेशिक स्वास्थ्य प्रबर्द्धन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ । यस्ता केन्द्र प्रदेशका नौवटै जिल्लामा क्रमशः विस्तार गरिनेछ ।

१५७. गेटा आँखा अस्पतालसँगको समन्वय र सहकार्यमा नौवटै जिल्लामा आँखा शिविर सञ्चालन गरिनेछ ।

१५८. सामुदायिक अस्पतालहरूलाई पूँजीगत सुधारको लागि अनुदान दिने कार्यलाई निरन्तरता दिइनेछ ।

**सभामुख महोदय,**

१५९. प्रादेशिक गौरव आयोजनाको रुपमा बहुउद्देश्यीय रंगशाला निर्माण गरिनेछ । साथै, प्रत्येक प्रदेशसभा निर्वाचन क्षेत्रमा एक खेलमैदानको निर्माण एवम् स्तरोन्नति गरिनेछ ।

१६०. राष्ट्रिय र अन्तरराष्ट्रियस्तरमा हुने खेलकुद प्रतियोगितामा प्रदेशको सहभागिता वृद्धि गर्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ । खेलाडीहरूको वृत्ति विकासका लागि खेलकुद प्रशिक्षण प्रतिष्ठान सञ्चालन गरिनेछ ।

१६१. खेलकुदको विकासका लागि संघ र स्थानीय तहको समन्वयमा एकीकृत खेलकुद योजना बनाई गाउँ, टोल, विद्यालय, जिल्ला र प्रदेशस्तरमा लागू गरिनेछ ।

१६२. **"स्वस्थ युवा प्रदेशको खम्बा"** भन्ने नारा सहित मुख्यमन्त्री खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

१६३. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुदमा पदक प्राप्त र खेलबाट सन्यास लिएका प्रदेश भित्रका खेलाडीहरूलाई सहयोग गर्न **"खेलाडी कल्याणकारी कोष"** लाई निरन्तरता दिँदै स्वर्णपदक विजेता खेलाडीको जीवन बिमा प्रदेश सरकारले गर्नेछ ।

१६४. दलित समुदायमाथिको छुवाछूत लगायत सबै प्रकारका भेदभावहरूको अन्त्यका लागि अभियान सञ्चालन गरिनेछ ।

१६५. स्थानीय तहसँगको समन्वयमा बालविवाह विरुद्धको अभियान सञ्चालन गरिनेछ ।

१६६. असहाय, अपाङ्गता भएका व्यक्तिलाई उद्धार र संरक्षण गर्न विशेष कार्यक्रम सञ्चालन गरी सडक मानवमुक्त प्रदेश घोषणा गरिनेछ ।

१६७. कलकारखाना तथा उद्योग प्रतिष्ठानहरूमा काम गर्ने श्रमिकहरूको तथ्याङ्क संकलन गरी अभिलेख तयार गरिनेछ । साथै, श्रमिकहरूको सीप र क्षमताको आधारमा स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

१६८. गरिबीको रेखामुनी रहेका बेरोजगार, सुकुम्बासी, मुक्त कमैया, दलित, अपाङ्गता भएका नागरिक, जनयुद्धका शहिद परिवार, घाइते, बेपत्ता र अपाङ्गका लागि प्रदेश सरकारले आयआर्जनका कार्यक्रम सञ्चालन गर्नेछ ।

१६९. ऐतिहासिक महत्त्वका किल्ला, गढी एवम् सांस्कृतिक, धार्मिक तथा पुरातात्विक स्थलका साथै प्रदेशभित्रका राष्ट्रिय एवम् स्थानीय सम्पदाहरूको संरक्षण, सम्बर्द्धन र विकास गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१७०. प्रादेशिक स्वास्थ्य तथा चिकित्सा विज्ञान प्रतिष्ठान केन्द्र स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

१७१. कोभिड-१९ महामारीले सिर्जना हुने मनोवैज्ञानिक असरलाई न्यूनीकरण एवम् व्यवस्थापन गर्न जनचेतनामूलक र मनोपरामर्श सेवा सञ्चालन गरिनेछ ।

१७२. युवाहरूको सर्वाङ्गीण विकास गरी समृद्ध प्रदेश निर्माणका लागि प्रादेशिक युवा नीति ल्याइनेछ ।

**सभामुख महोदय,**

१७३. बर्षैभरि सिंचाई सेवा उपलब्ध गराउनका लागि विगतमा विकास गरिएका तथा नयाँ बहुउद्देश्यीय लगायत सतह सिंचाई, नयाँ प्रविधिमा आधारित सिंचाई र भूमिगत जल सिंचाई प्रणालीको विकास, विस्तार, प्रवर्द्धन र उपयोग गरिनेछ ।

१७४. नदी तथा जलाधार क्षेत्रको एकीकृत विकास तथा व्यवस्थापन गर्न प्रदेशस्तरमा सिंचाई गुरुयोजना बनाई कार्यान्वयनमा ल्याइनेछ । व्यावसायिक खेती गरिने क्षेत्रमा सिंचाई प्रणाली विकास गर्न प्राथमिकता दिइनेछ ।

१७५. जलवायु परिवर्तन तथा शहरीकरणका कारण भूमिगत जल सतह घट्दै गइरहेको अवस्थाबाट सिर्जित समस्या समाधान गर्न र पानीको पुनःउपयोग गर्न सम्भाव्य स्थानमा ठूला तथा साना पोखरी निर्माण गरिनेछ ।

१७६. सिंचाई योजनाहरूको परियोजना बैंक बनाई प्राथमिकताको आधारमा अध्ययन तथा निर्माण कार्य अगाडि बढाइनेछ ।

१७७. प्रदेशभित्रका प्रमुख मझौला नदीहरूको नियन्त्रण/व्यवस्थापन कार्यलाई प्राथमिकता दिई तटबन्ध गुरूयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१७८. बाजुरा जिल्लाको अमकोटमा पहिरोको कारण बुढीगंगा नदीको बहावबाट हुनसक्ने क्षतीलाई रोक्न उपयुक्त प्राविधिक पद्धति र प्रक्रिया अपनाई समस्याको समाधान गरिनेछ ।

१७९. मुख्य नदीहरूको नदी बेसिन गुरुयोजना निर्माण गरी पानीको प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

१८०. प्रदेशको अधिकार क्षेत्रमा रहेको जलविद्युत आयोजनाहरूलाई प्रदेशले आफै वा साझेदारीमा सञ्चालन गर्ने नीति अवलम्बन गर्दै आर्थिक वर्ष २०७७/७८ भित्र बीस मेगावाट क्षमताको आयोजना अगाडि बढाइनेछ । विभिन्न जलविद्युत आयोजनाहरूको अध्ययन गरी आयोजना बैंकको निर्माण गरिनेछ ।

१८१. पश्चिम सेती, कर्णाली लगायतका ठूला जलविद्युत परियोजनाहरू छिटो सञ्चालन गर्न संघीय सरकारसँग पहल गरिनेछ ।

१८२. प्रदेशमा सञ्चालनमा रहेका र मर्मत गर्नुपर्ने लघु जलविद्युत आयोजनाहरूको तथ्याङ्क अद्यावधिक गरी आवश्यक मर्मत, सम्भार र स्तरोन्नतिका लागि स्थानीय तहहरूसँग सहकार्य गरिनेछ ।

१८३. **"प्रदेशका गाउँ, उज्यालो बनाउ"** कार्यक्रम सञ्चालन गरी ग्रामीण तथा दुर्गम क्षेत्रमा जलस्रोत एवम् वैकल्पिक उर्जाको सम्भाव्यता अध्ययन गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१८४. **"जलस्रोतमा लगानी, नागरिकको आम्दानी"** नीति लागू गर्दै आकर्षक जलविद्युत परियोजना जनता र सरकारको संयुक्त लगानीमा निर्माण, प्रबर्द्धन र बजारीकरण गर्ने नीति लिइनेछ ।

१८५. सबैलाई खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिनेछ ।

१८६. कैलाली र कञ्चनपुर जिल्लाको चुरे फेदी तथा भावर क्षेत्र बस्तीमा रहेको खानेपानीको अभावलाई समाधान गर्न आकाशे पानी संकलन र डीप बोरिङ्ग प्रविधि प्रयोग गरी खानेपानी आपूर्ति गरिनेछ ।

१८७. खानेपानी सेवा विस्तारको लागि मागको आधारमा सह लगानी, लागत साझेदारी, लागत उठतिको सिद्धान्त अनुरुप खानेपानी आयोजनाहरू सञ्चालन गरिनेछ ।

१८८. संघ र स्थानीय तहसँगको सहकार्यमा एकीकृत नमूना बस्तीको विकास गरिनेछ । व्यवस्थित शहरीकरणको योजना कार्यान्वयनमा ल्याई छरिएर रहेका बस्तीहरूलाई एकीकृत बस्ती विकासको कार्यक्रम अन्तरगत ल्याइनेछ ।

१८९. नौवटै जिल्लाहरूमा कम्तीमा एक/एक वटा आधुनिक शहरका लागि विस्तृत अध्ययन गरी कार्य सञ्चालन गरिनेछ ।

१९०. सार्वजनिक र निजी भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिताको परिपालनामा जोड दिइनेछ । साथै, आवश्यक कार्यविधि तयार गरी स्थानीय तह र समुदायको साझेदारीमा आवश्यकताका आधारमा सामुदायिक भवनहरूको निर्माण गरिनेछ ।

१९१. सरकारी भवनको डिजाइन, प्रयोग तथा मर्मत सम्भार सम्बन्धमा एकद्वार नीति अवलम्बन गरिनेछ ।

१९२. ग्रामीण क्षेत्रका विपन्न परिवारहरूको आवास सुधारका लागि खरको छानो विस्थापन गर्ने नीति लिइनेछ ।

१९३. रणनीतिक महत्वका सडक तथा पुलहरू एकीकृत आयोजनाका रुपमा निर्माण गर्ने नीति लिइनेछ ।

१९४. प्रदेश तथा स्थानीय तहहरूलाई एकीकृत सडक सञ्जालमा आबद्ध हुने गरी प्रादेशिक सडक तथा यातायात गुरूयोजना तयार गरी यातायात सञ्जालको विकास तथा विस्तार गरिनेछ ।

१९५. आर्थिक वर्ष २०७७/७८ मा दुईसय चौध किलोमिटर सडक कालोपत्रे गरिनेछ ।

१९६. बाजुरा, बझाङ्ग र दार्चुला लगायतका जिल्लाहरूमा सडक सञ्जाल निर्माण र विस्तार गरी ग्रामीण पूर्वाधार निर्माणमा विषेश ध्यान दिइनेछ । सडक निर्माण गर्दा हरित सडक निर्माणमा जोड दिइनेछ ।

१९७. आर्थिक वर्ष २०७७/७८ देखि निर्माण हुने सबै पूर्वाधारहरूलाई वातावरणमैत्री र अपाङ्गतामैत्री बनाइनेछ । साथै, पैदलयात्रु र साइकल यात्रुका लागि मुख्य-मुख्य सडकहरूमा अलग लेन निर्माण गरिनेछ ।

१९८. प्रादेशिक सडकहरूमा दुर्घटना न्यूनीकरणका लागि डिजाइन, निर्माण, स्तरोन्नति र मर्मत सम्भार गरी सडक सुरक्षाको मापदण्ड लागू गरी रोड फर्निचर्स निर्माण गरिनेछ ।

१९९. विस्तृत अध्ययन प्रतिवेदनका आधारमा यसै वर्षदेखि प्रदेश बस सेवा सञ्चालनमा ल्याइनेछ ।

२००. यातायात व्यवस्था सेवा कार्यालय र ट्रायल सेन्टरलाई आधुनिकीकरण गरी स्थानीय तहहरूसँगको समन्वयमा सबै प्रकारका सवारीसाधनहरूको दर्ता, सडक अनुमति, नवीकरण र चालक अनुमति पत्रको प्रक्रिया थप व्यवस्थित गरिनेछ ।

२०१. प्रदेशका विभिन्न स्थानमा आवश्यकताका आधारमा झोलुङ्गे पुलहरूको निर्माण गरिनेछ ।

**सभामुख महोदय,**

२०२. प्रादेशिक वन नीति तयार गरी साझेदारी वन व्यवस्थापन, दीगो वैज्ञानिक वन व्यवस्थापन, वन संरक्षण क्षेत्र व्यवस्थापन जस्ता पद्धतिलाई आवश्यकता अनुरुप सञ्चालनमा ल्याइनेछ ।

२०३. वन, वनस्पति, जैविक विविधता र वातावरण संरक्षण कार्यलाई व्यवस्थित गरी अगाडि बढाइनेछ । स्वच्छ, सफा वातावरण कायम गर्न वन जंगलको विस्तार गरिनेछ ।

२०४. जलाधारीय श्रोतहरूको संरक्षण र व्यवस्थापन गर्न प्रदेशस्तरमा कार्यमूलक रणनीतिक योजना तयार गरिनेछ । सीमसार क्षेत्रहरूको अभिलेखीकरण र वर्गीकरण गरी योजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।

२०५. कर्णाली-महाकाली नदीबीचको शिवालिक क्षेत्रमा जैविक विविधता र जलाधार संरक्षण गर्न कर्णाली-महाकाली चुरे संरक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२०६. निजी, कबुलियती र सामुदायिक वनमा वन उद्यम अन्तरगत मौरी पालन, टिमुर खेती, ओखर, रिठ्ठा, चिउरी रोपण जस्ता स्थानीय आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२०७. वन दशक कार्यक्रम (२०७१-२०८०) लाई निरन्तरता दिँदै शहर तथा नगर उन्मुख बस्तीहरूमा हरित उद्यानहरू, स्थानीय तह समेतको समन्वयमा स्थापना गरिनेछ ।

२०८. प्रदेशमा उपलब्ध बहुमूल्य जडीबुटीबाट अधिकतम फाइदा लिन जडीबुटीमा आधारित औषधीजन्य वस्तुको उत्पादन, प्रशोधन, भण्डारण र निकासीमा विशेष जोड दिइनेछ र जडीबुटी भण्डारणका लागि प्रदेश र जिल्लास्तरमा अत्याधुनिक भण्डारण केन्द्र स्थापना तथा सञ्चालन गरिनेछ ।

२०९. संघीय सरकारको जडीबुटी कम्पनीसँग भएको सम्झौता अनुरुप प्रदेशमा जडीबुटी कम्पनी स्थापना गर्ने कार्य अगाडि बढाइनेछ ।

२१०. प्रदेशभित्रका राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रहरूमा जैविक विविधता संरक्षण तथा पर्या - पर्यटन प्रबर्द्धनका लागि संघीय सरकारसँग सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ । साथै, प्रदेशभित्र पाइने जैविक विविधताको अभिलेख तयार गरी वनको नक्साङ्कन गरिनेछ ।

२११. प्राकृतिक स्रोत साधनको अत्यधिक दोहनलाई नियन्त्रण गर्ने र सोको व्यवस्थापनका लागि नीतिगत एवम् कानुनी व्यवस्था गरिनेछ ।

**सभामुख महोदय,**

२१२. प्रादेशिक उद्योग, वाणिज्य तथा आपूर्ति र खनिज उद्योग सम्बन्धी नीति तयार गरिनेछ ।

२१३. प्रदेशमा लगानी प्रबर्द्धन गर्न प्रादेशिक औद्योगिक सम्मेलन गरी लगानीको वातावरण अभिवृद्धि गर्ने कार्यक्रम ल्याइनेछ ।

२१४. संघीय सरकारसँगको सहकार्यमा कैलाली र कञ्चनपुरमा औद्योगिक क्षेत्र र करिडोर निर्माण कार्य अगाडि बढाइनेछ ।

२१५. **"एक स्थानीय तह एक औद्योगिक ग्राम"** स्थापनाको लागि संघीय सरकार र स्थानीय तहहरूसँग समन्वय गरी कार्य अगाडि बढाइनेछ ।

२१६. विपद्को समयमा वस्तु तथा सेवाको आपूर्ति सहज बनाउन संस्थागत क्षमता विकास र विस्तार गरी भण्डारण क्षमतामा अभिवृद्धि गरिनेछ ।

२१७. स्थानीयस्तरमा उत्पादित वस्तुहरूको बजारीकरण र प्रचार प्रसारको लागि जिल्ला तथा प्रदेशस्तरमा औद्योगिक मेला महोत्सवको आयोजना गरिनेछ ।

२१८. भौगोलिक सूचना प्रणाली सहितको उद्योग प्रशासनका लागि आधुनिक तथ्याङ्क व्यवस्थापन प्रणालीको विकास गरी सञ्चालनमा ल्याइनेछ ।

२१९. संघीय सरकारसँग समन्वय गरी खानीको अध्ययन अनुसन्धानको कामलाई प्राथमिकता दिइनेछ ।

२२०. पर्यटन क्षेत्रमा सहज पहुँच र आवागमन, सुरक्षा व्यवस्था, विभिन्न सेवा र सुविधा विस्तार गरिनेछ ।

२२१. वर्तमान कोरोना महामारीलाई समेत ध्यान दिँदै प्रादेशिक पर्यटन नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनुका साथै आन्तरिक पर्यटनलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

२२२. ऐतिहासिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक पर्यटकीय क्षेत्रको समग्र अध्ययन, अनुसन्धान, विकास, संरक्षण एवम् सम्बर्द्धन गरिनेछ ।

२२३. तराई, पहाड र हिमाल जोड्ने गरी प्रदेश पर्यटन करिडोरहरूको विस्तृत अध्ययन गरी कार्य सञ्चालन गरिनेछ ।

२२४. खप्तड, बडिमालिका र रामारोशनमा सुविधा सम्पन्न गल्फकोर्स र हकी खेलका साथै साहसिक खेलको सम्भाव्यता अध्ययन गरिनेछ ।

२२५. सात बहिनी भवगती र पाँच शिवधामहरू लगायतका पवित्र स्थलहरूको आध्यात्मिक एवम् तीर्थाटनहरूलाई केन्द्रको रुपमा विकास गरी त्यसको एकीकृत चक्रतीर्थ यात्रा एवम् धार्मिक यात्रा परिपथ कार्यक्रमको प्रबर्द्धन गरिनेछ ।

२२६. बैद्यनाथ, परशुरामधाम र घोडाघोडी जस्ता पर्यटकीय गन्तव्यहरूको गुरुयोजना तयार गरिनेछ । साथै, पाताल भूमेश्वर, गर्भा दरबार, बार्जुकोट दरबार, लामीताल, देवताल, बडीकेदार, सिद्ध गुफा, सुर्मा सरोवर लगायतका अन्य पर्यटकीय क्षेत्रहरूको संरक्षण र विकास गरिनेछ ।

२२७. अपिनाम्पा, अपि सैपाल, ब्यासऋषि, जेठी बहुरानी लगायतका हिमालयहरूमा हिमाल आरोहण प्रबर्द्धन, साहसिक पर्यटनको पूर्वाधार विकास गरिनेछ ।

२२८. कैलाली र कञ्चनपुरका थारू र रानाथारूहरूको जीवनस्तर प्रबर्द्धन गर्ने गरी होमस्टे सञ्चालन गर्न प्रोत्साहन गर्नुका साथै अन्य सम्भाव्य पर्यटकीय गन्तव्यमा समेत होमस्टे सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

२२९. दलित समुदाय र अति विपन्न वर्ग, जाति, जनजातिका परम्परागत पेशा, कला र सीपको संरक्षण गर्दै तिनको आधुनिकीकरण र व्यवसायीकरण गरिनेछ ।

२३०. प्रदेशमा रहेका रानाथारू, वादी, मुस्लिम, राउटे, राजी, शौका लगायतका अल्पसंख्यक जातजातिको जीवनस्तर उकास्न कार्यक्रम सञ्चालन गरिनेछ ।

२३१. जलवायु परिवर्तन, हरित ग्यास उत्सर्जन न्यूनीकरण र वातावरण संरक्षण सम्बन्धी नीति तर्जुमा तथा विभिन्न ऐन, नियमहरूको समसामयिक परिमार्जन गरिनेछ ।

२३२. विभिन्न प्रकारका प्रदुषण नियन्त्रण र न्यूनीकरण गर्न प्लास्टिकको प्रयोगमा नियन्त्रण एवम् नियमन गरी वैकल्पिक स्थानीय सामग्रीको उपयोगलाई प्रोत्साहन गरिनेछ । साथै, प्रदुषण मापन यन्त्रहरूको स्थापना गरी प्रदुषणको मात्रा मापन गर्ने व्यवस्था गरिनेछ ।

२३३. प्रादेशिक विज्ञान तथा प्रविधि सम्बन्धी कानून तयार गरी सुदूरपश्चिम विज्ञान तथा प्रविधि प्रतिष्ठान स्थापना गरिनेछ ।

२३४. परम्परागत ज्ञान, सीप तथा प्रविधिहरूलाई विज्ञान तथा प्रविधि समेतको संयोजनद्वारा आधुनिकीकरण गर्दै लगिनेछ । खोज र अनुसन्धानमा संलग्न जनशक्तिलाई प्रदेशमा रहेर काम गर्न प्रोत्साहन गरिनेछ ।

२३५. सरोकारवाला निकायहरूसँगको सहकार्य र समन्वयमा प्रदेश विज्ञान केन्द्र र विधि विज्ञान प्रयोगशाला स्थापनाका लागि संस्थागत संरचना र पूर्वाधारहरूको विकास गरिनेछ ।

२३६. प्रदेश, स्थानीय तह र सहकारी संघसंस्थाको साझेदारीमा दैनिक उपभोग्य वस्तुको सहज बिक्री वितरणका लागि सुलभ उपभोक्ता पसल सञ्चालन गर्ने नीति लिइनेछ ।

**सभामुख महोदय,**

२३७. प्रदेश प्रहरी सम्बन्धी कानूनी व्यवस्था गरी प्रदेश प्रहरी संगठनको स्थापना गरिनेछ ।

२३८. प्रदेशको शान्ति सुरक्षा र प्रदेशमा बढ्दै गइरहेको सडक दुर्घटना न्यून गर्न आधुनिक प्रविधि र उपकरणको उपयोग गरिनेछ ।

२३९. विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन एकीकृत सूचना समन्वय इकाई एवम् नियन्त्रण कक्षको स्थापना गरिनेछ ।

२४०. प्रहरी इकाईहरूको लागि भौतिक पूर्वाधार विकास सम्बन्धी कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।

२४१. महिला हिंसा, मानव बेचविखन एवम् लागू औषध ओसारपसार नियन्त्रण गर्न कार्यक्रम सञ्चालन गरिने छन् ।

२४२. सीमा नाकाहरूमा स्थापित नागरिक सीमा सहायता कक्षलाई थप व्यवस्थित बनाइनेछ ।

२४३. प्रदेश राजपत्र छपाई गर्न आवश्यक मुद्रण सम्बन्धी उपकरणको व्यवस्थापन गरी राजपत्र छपाई सम्बन्धी कार्य प्रदेशमै गरिनेछ ।

२४४. प्रदेश रेडियो र टेलिभिजनको स्थापना गरिनेछ ।

२४५. गैर सरकारी संस्थाहरूको नियमन, अनुगमन, समन्वय र अभिलेखीकरण सम्बन्धी कानूनी व्यवस्था गरिनेछ ।

२४६. प्रदेशमा आमसञ्चार क्षेत्रलाई मर्यादित र व्यावसायिक बनाई स्थिरता, स्थायित्व र विकासमा सञ्चार जगतको योगदान प्रर्वद्धन गर्न आमसञ्चार नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२४७. संघ, प्रदेश र स्थानीय तह, सहकारी, निजी क्षेत्र तथा समुदायको सहकार्य र समन्वयमा खोज, उद्धार र राहतको व्यवस्था मिलाइनेछ । यसका लागि आवश्यक सामग्री तथा औजार उपकरणको व्यवस्था गरिनेछ ।

२४८. सबै जिल्ला सदरमुकाममा विपद् सामग्रीको भण्डारण केन्द्र निर्माण गरिनेछ । साथै, विपद्को पूर्व सूचना प्रणाली स्थापना गरिनेछ ।

२४९. प्राकृतिक विपद्को जोखिम न्यूनीकरण गर्न विपद् जोखिम नक्साङ्कन गरिनेछ ।

२५०. दुर्गम स्थानीय तहको केन्द्रमा गर्भवती महिला तथा विपद्बाट हुने घाइतेहरूको तत्काल उद्धार गर्न स्थानीय तहसँगको समन्वयमा हेलिप्याड निर्माण गरिनेछ ।

**सभामुख महोदय,**

२५१. प्रदेश सरकारको उल्लेखित नीति तथा कार्यक्रमको परीधिभित्र रही आर्थिक वर्ष २०७७/७८ मा सीमित स्रोत र साधनका बाबजुद प्रदेश सरकारले अधिकतम प्रतिफल हासिल हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्ने व्यहोरा यस गरिमामय सभामा जानकारी गराउँदछु ।

२५२. यसै बीच कोभिड-१९ महामारीलाई न्यूनीकरण गर्न र यसले पारेको प्रभावलाई सम्बोधन गर्ने चुनौतिका माझमा यो नीति र कार्यक्रम कार्यान्वयन गर्नुपर्ने अवस्थामा सबै पक्षको सहकार्य र

समन्वय आवश्यक छ । यस महामारीको संकटबाट प्रभावित सामाजिक तथा आर्थिक क्षेत्रहरूलाई पुनर्जीवन दिने कार्यमा प्रदेश सरकारले आवश्यक सबै प्रकारको पहलकदमी लिनेछ र संघीय सरकारले अघि सारेका नीति र कार्यक्रम तथा स्थानीय तहहरूले सञ्चालन गर्ने हरेक क्रियाकलापमा प्रदेश सरकारले आवश्यक समन्वय गरी अघि बढ्नेछ ।

२५३. अन्त्यमा, आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम तर्जुमा गर्ने चरणमा सुझाव, समन्वय र सहयोग गर्नु हुने संघीय सरकारका माननीय मन्त्री, संघीय संसदका माननीय सदस्य, प्रदेश सरकारका माननीय मन्त्री, प्रदेश सभाका माननीय सदस्यहरू, राष्ट्रिय योजना आयोग, स्थानीय तहका पदाधिकारी, राजनीतिक दल, राष्ट्रसेवक, विज्ञ, सञ्चार जगत, नागरिक समाज, निजी क्षेत्र, गैरसरकारी संघसंस्था र प्रदेशका नागरिकप्रति हार्दिक आभार प्रकट गर्दछु । प्रदेश सरकारले यो नीति तथा कार्यक्रम कार्यान्वयनको चरणमा सम्बद्ध सबै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा राखेको छ ।

**धन्यवाद ।**

*(प्रस्तुत भएपछि)*

६. **माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ ।

७. **माननीय सदस्यहरु,**

अब प्रदेश प्रमुख माननीय सर्मीला कुमारी पन्तज्यूको प्रस्थान हुने भएकोले आ-आफ्नो स्थानमा उभिई माननीय प्रदेश प्रमुखमा सम्मान प्रकट गरिदिन हुन सम्पूर्ण माननीय सदस्यहरुलाई आग्रह गर्दै अर्को बैठक मिति २०७७ साल जेष्ठ २० गते मंगलबार दिनको ३.००बजे बस्ने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।